# आर्थिक वर्ष २०७८/०७९ को
## बजेट वक्तब्य

दिप्रुङ चुईचुम्मा गाँउपालिका
खोटाङ
१ नं. प्रदेश, नेपाल

**सभाध्यक्ष ज्यू,**

**अव म आर्थिक वर्ष २०७८/०७९ को वजेट विवरण पेश गर्न चाहन्छु ।**

संघीय गणतन्त्रात्मक नेपालमा हामी निर्वाचित भै स्थानीय सरकार संचालन गरी ५ औं बजेट प्रस्तुत गरिरहेका छौं । यस बजेटको पूर्व सन्ध्यामा गत वर्ष जस्तै विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को दोस्रो भेरियन्टको प्रभाववाट हाम्रो गाउँपालिका अझ बढी प्रभावित हुन पुग्यो । यस महामारीको संक्रमण नियन्त्रणको लागि स्थापित अस्थायी कोभिड अस्पतालमा संक्रमितलाई उपचार गर्दा हाम्रो गाउँपालिकाको वजेटको केही अंश यस क्षेत्रमा खर्च गर्नु परेको भएता पनि यस अस्पतालमा हाम्रो गाउँपालिकाका नन कोभिड विरामी ३६ जना र कोभिड विरामी १७ जनालाई अस्पताल भर्ना गरी अक्सिजन सहितको सुविधा दिई उपचार गरी पठाइएको छ भने १०३४ जना विरामीले ओ.पि.डी. सेवा र १५८ जना विरामीले ल्याव सुविधा लिएका छन् । यसले गर्दा यहाँका नागरिकहरुले उचित स्वास्थ्य सुविधा पाई ज्यान गुमाउनु परेको छैन भने उपचारका लागि ठूलो धनराशी खर्च गरी स्वास्थ्य सुविधाका लागि अन्यत्र जानुपर्ने बाध्यताको अन्त्य भएको व्यहोरा अवगत गराउँदै संक्रमितको संख्या बढेतापनि यो रोगको संक्रमणबाट यहाँका नागरिकहरुले अहिले सम्म ज्यान गुमाउनु परेको छैन । त्यसैले आगामी आर्थिक वर्षमा पनि केही वजेट यस क्षेत्रमा विनियोजन गर्नु पर्ने हाम्रो वाध्यता भएको छ । (कोभिड -१९) को संक्रमण वाट हाम्रो गाउँपालिकामा आएको विषम परिस्थितीको रोकथाम, नियन्त्रण तथा उपचारका लागि परीक्षणको दायरा विस्तार, उपचारको व्यवस्था, स्वास्थ्य उपकरण तथा समाग्रीको आपूर्ति एवं निःशुल्क खोपको व्यवस्था गर्दा हाम्रो श्रोतको ठूलो अंश खर्च हुँदा हुँदै पनि सबै राजनैतिक दल, जनप्रतिनिधि, संघ संस्था र आम नागरिकको सहयोग वाट वर्तमान चुनौतीको सामाना गर्न सकिन्छ भन्ने विश्वासका साथ हाम्रो नेतृत्व अगाडी बढिरहेको छ । हाम्रा असिमित आवश्यकता र विषम परिस्थितिका विच सिमित साधन र श्रोतलाई अत्याधिक उपयोग गर्ने गरी हामीले पेश गरेको आगामी आर्थिक वर्षको वजेटका उद्धेश्यहरु तपशिल बमोजिम राखेका छौं ।

**वजेटका उद्देश्यहरु :-**

१) क्रमागत प्रकृतिका भन्दा यसै आर्थिक वर्षमा सम्पन्न हुने प्रकृतिका योजनामा लगानी गर्ने उद्देश्य लिएका छौं ।

२) विश्वव्यापी संक्रमणको रुपमा फैलिएको (कोभिड-१९) वाट आक्रान्त दिप्रुङ चुइचुम्मा वासी नागरिकहरुको जीवन रक्षा गर्दै यहाँको जनजीवनलाई सहज र सुरक्षित वनाउने प्रयासमा छौं ।

३) गाउँपालिकाका नागरिकलाई प्राप्त मौलिक हक र अधिकारका रुपमा रहेका आवश्यता परिपूर्ति गर्ने तर्फ वजेट उन्मुख हुनेछ ।

४) गाउँपालिकामा प्राप्त साधन र श्रोतको अधिकतम उपयोग गरी गाउँपालिकाको नारालाई सफल वनाउन अधुरा कार्य पूरा गर्ने तर्फ यो बजेट लक्षित हुनेछ ।

५) यो आर्थिक वर्षलाई फिनिसिङ वर्षको रुपमा लिइएको छ ।

६) आ.व. २०७४/०७५ मा शुरु गरिएका योजनाहरु यो वर्ष प्राय सबै सम्पन्न गरिनेछ ।

संघीयता लागु भएपछि स्थानीय सरकारले संचालन गर्ने लेखा प्रणाली स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (SUTRA) बाट संचालन भै सकेको हुँदा आगामी आर्थिक वर्ष २०७८/०७९ को वजेट प्रस्तुत गर्ने अनुमती चाहन्छु । यस वर्ष हाम्रो आय तर्फ संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान रु ९ करोड ८० लाख र राजश्व बाँडफाटबाट रु ८ करोड ११ लाख ७४ हजार, प्रदेश सरकार समानीकरण अनुदान रु ५५ लाख २८ हजार र प्रदेश सरकार सवारीकर बाँडफाट अनुदान रु ३९ लाख १३ हजार ५९० तथा आन्तरिक आय रु २५ लाख प्रशासनिक सुधारबाट ३ करोड ८० लाख(बाटोफेदी मोटरेवल पूल, गा.पा.को प्रशासनिक भवन निर्माण र धिप्लुङ झरनाको लागि विनियोजित रकम) समेत रु २१ करोड ९१ लाख १५ हजार ५९० यस गाउँसभाबाट विभिन्न योजना र कार्यक्रममा विभाजन गर्न सक्ने विभाजिन योग्य बजेट पेश गरको छु । यसै गरी हाम्रो गाउँपालिकामा आर्थिक प्रवाह हुने तर तोकिएका कार्यक्रममा मात्र खर्च गर्न सकिने संघीय सरकारबाट प्राप्त शसर्त अनुदान रु २७ करोड ६ लाख, विशेष अनुदान रु ८३ लाख, समपुरक अनुदान रु २ करोड ५ लाख, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट प्राप्त भएको रु २४ लाख तथा प्रदेश सरकारबाट प्राप्त भएको समपुरक अनुदान रु १ करोड तथा सशर्त अनुदान रु १ करोड १९ लाख २२ हजार तथा सामाजिक सुरक्षा भत्ता वापत प्राप्त हुने रकम रु ८ करोड समेत **रु ६२ करोड २८ लाख ३७ हजार ५९०** को बजेट बनाएको छु ।

सभाध्यक्ष ज्यू,

उक्त बजेटलाई विनियोजन गर्ने क्रममा श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको सिफारिस तथा वडागत रुपमा वडाका आवश्यक योजनाको प्राथमिकीकरण गरी प्राप्त भएका मागहरु, गाउँकार्यपालिकाबाट प्राप्त सुझावहरु समेतलाई आधार बनाई सिमित साधन र श्रोतको अत्याधिक उपयोग हुने गरी सकेसम्म यसै वर्ष सम्पन्न हुने योजना तथा कार्यक्रमलाई आधार बनाई विनियोजन गरेको छु ।

विनियोजन योग्य समानिकरण, राजश्व बाँडफाड, आन्तरिक आय र प्रशासनिक सुधारबाट प्राप्त कूल रकम रु २१ करोड ९१ लाख १५ हजार ५९० बाट संचालन हुन पर्ने मुख्य कार्यक्रमहरु बाटोफेदी मोटरेवल पुलको लागि रु २ करोड, गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि रु १ करोड ५० लाख, चालु खर्च रु ५ करोड ६० लाख, विद्यालय शिक्षक व्यवस्थापन अनुदान रु ५५ लाख, शिशुपोषण कार्यक्रमको लागि ४४ लाख तथा धिप्लुङ झरना पर्यटकीय पूर्वाधार विकासको लागि रु ३० लाख विनियोजन गरी अन्य योजना र कार्यक्रमको लागि अनुसूचीमा उल्लेख भए बमोजिम विनियोजन गरेको छु ।

**अन्त्यमा ,**

गाउँपालिकाको विकास र समृद्धिको लागि प्रत्यक्ष परोक्षरुपमा सहयोग गर्नु हुने सहयात्री निर्वाचित प्रतिनिधिहरु, राजनैतिक दल, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु तथा गाउँपालिकामा कार्यरत कर्मचारी वर्ग प्रति धन्यवाद दिदै विश्वव्यापी रुपमा महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को दाश्रो भेरियन्ट छिट्टै संक्रमण नियन्त्रण हुने आशा राख्दै यसबाट त्रसित नभई संयमताका साथ नियन्त्रणका उपाय अवलम्बन गर्दै रहुँ भन्दै विदा चाहन्छु ।

**धन्यवाद ॥**

**जय नेपाल ।**

# अनुसूची

## आ.व. २०७८/०७९ गौरवका तथा अन्य योजनाहरू

| क्र.सं. | योजनाको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | चालु खर्च | ५,६०,००,०००.०० | |
| २ | बाटोफेदी मोटरेवल पुल | २,००,००,०००.०० | |
| ३ | प्रशासनिक भवन(गा.पा.) | १,५०,००,०००.०० | |
| ४ | विद्यालय शिक्षक व्यवस्थापन अनुदान | ५५,००,०००.०० | |
| ५ | नयाँ भवन फर्निसिङ | ५०,००,०००.०० | |
| ६ | समपुरक कोष | ५०,००,०००.०० | |
| ७ | कृषि विकास कार्यक्रम संचालन | ५०,००,०००.०० | |
| ८ | महिला, वालवालिका, जेष्ठ नागरिक विकास कार्यक्रम | ५०,००,०००.०० | |
| ९ | साना सिंचाई | ५०,००,०००.०० | |
| १० | शिशु पोषण कार्यक्रम | ४४,००,०००.०० | |
| ११ | कोरोना भाइरस(कोभिड-१९) रोकथाम तथा नियन्त्रण कोष | ४०,००,०००.०० | |
| १२ | वडा कार्यालय संचालन खर्च ७x५ लाख | ३५,००,०००.०० | |
| १३ | धिप्लुङ झरना पर्यटकीय विकास आयोजना | ३०,००,०००.०० | |
| १४ | विपद् व्यवस्थापन कोष गा.पा. | २५,००,०००.०० | |
| १५ | वडा नं. २ को वडा कार्यालय निर्माण | २५,००,०००.०० | |
| १६ | गाउँपालिका प्रवेध सडक र प्रवेशद्वार निर्माण | २५,००,०००.०० | |
| १७ | विपद् व्यवस्थापन कोष वडा स्तरीय ७x३ लाख | २१,००,०००.०० | |
| १८ | औषधि खरिद | २०,००,०००.०० | |
| १९ | साना खानेपानी तथा भौतिक पूर्वाधार | २०,००,०००.०० | |
| २० | चप्लेटी-ज्यामिरे मलवासे हुँदै धिप्लुङ झरना सडक | २०,००,०००.०० | |
| २१ | वुइखुवा-खुतुम्बु-खमारे हुँदै रातमाटा | २०,००,०००.०० | |
| २२ | विधुत विस्तार वडा नं. ६ | २०,००,०००.०० | |
| २३ | पंचमी-काफ्लेछाप-मान्दाता पुवारगाउ | १८,००,०००.०० | |
| २४ | एम्बुलेन्स खरिद | १५,००,०००.०० | |
| २५ | खामडाँडा खानेपानी योजना | १५,००,०००.०० | |
| २६ | खरुवाखोला रोभोलुङ राजकुलो | १५,००,०००.०० | |
| २७ | नमुना विद्यालय कम्प्युटर शिक्षक | १४,००,०००.०० | |
| २८ | मोटरसाइकल खरिद | १२,००,०००.०० | |
| २९ | भण्डारेघाट पम्पिङ खानेपानी | ११,००,०००.०० | |
| ३० | पाखाटारी अमले सडक छिमेकी स्थानिय तह सँगको साझेदारीमा | ११,००,०००.०० | |
| ३१ | सानधारा पंपिङ खानेपानी | ११,००,०००.०० | |
| ३२ | स्वास्थ्य शिविर संचालन | १०,००,०००.०० | |
| ३३ | पालिका स्तरीय खेलकुद कार्यक्रम | १०,००,०००.०० | |
| ३४ | लहरेपैयूँदेखि १ नं. वडा कार्यालय सम्म सडक स्तरोन्नति | १०,००,०००.०० | |
| ३५ | राम्चे भ्यू-टावर | १०,००,०००.०० | |
| ३६ | रेग्मिटार-पंचमी सडक | १०,००,०००.०० | |
| ३७ | DPR खानिडाँडा देखि दि.चु.गा.पा. वडा नं. १ याम्खा सडक समेत | १०,००,०००.०० | |
| ३८ | धिप्लुङ खोला नहर सिंचाई योजना वडा नं. ७, १ र २ | १०,००,०००.०० | |

## आ.व. २०७८/०७९ गौरवका तथा अन्य योजनाहरू

| क्र.सं. | योजनाको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| ३९ | टुकुरेखोला-मौवाघारी दिलैछीं लिफ्टिङ योजना | १०,००,०००.०० | |
| ४० | छितापोखरी-काल्छिनखोला सडक | ९,००,०००.०० | |
| ४१ | पालिका तारा प्रतियोगिता संचालन | ८,००,०००.०० | |
| ४२ | खरुवाखोला मुहान भै पिपलडाँडा-खुतुम्बु-लासिंटार खा.पा. | ८,००,०००.०० | |
| ४३ | खत्रीगाउँ सडक निर्माण | ८,००,०००.०० | |
| ४४ | याम्खा तल्लो वार्लाङ-तल्लो रिभू हुँदै खनपुल एक्लेबर जोड्ने सडक | ८,००,०००.०० | |
| ४५ | पंचमी-छितापोखरी सडक | ७,००,०००.०० | |
| ४६ | वडा नं. ३ खानिगाउँ वडा नं. २ पिपलडाँडा सडक निर्माण | ७,००,०००.०० | |
| ४७ | गैरीगाउँ खिसाखा सडक निर्माण | ६,००,०००.०० | |
| ४८ | टुवा खोलावाट जनसेवा हुदै अखटे मुलडाँडा सडक मर्मत | ६,००,०००.०० | |
| ४९ | कुरीडाँडा त्रिवेणी चोक स्यालगौडे सडक मर्मत | ६,००,०००.०० | |
| ५० | त्रिवेणी चोकबाट वडा कार्यालय सम्मको सडक सोलिङ तथा ढल निकास | ६,००,०००.०० | |
| ५१ | श्री सिंहदेवी आ.वि.मा वाल निर्माण | ५,५०,०००.०० | |
| ५२ | विद्यालय स्तरीय(पुरस्कार) विकास कार्यक्रम | ५,००,०००.०० | |
| ५३ | गाउँपालिका सुरक्षित मातृत्व कोष | ५,००,०००.०० | |
| ५४ | गाउँपालिका स्तरीय वालकोष | ५,००,०००.०० | |
| ५५ | आहाल डाँडा रोभोलुङ रातमाटा सडक मर्मत | ५,००,०००.०० | |
| ५६ | वडा कार्यालय वाट मझौ दमार हुँदै काल्सिङ खोला सडक मर्मत | ५,००,०००.०० | |
| ५७ | वडा कार्यालय व्यवस्थापन | ५,००,०००.०० | |
| ५८ | खानेपानी | ५,००,०००.०० | |
| ५९ | ज्यामिरे-धर्तुङ्वा-काहुले-टेम्मा वडा कार्यालय सडक मर्मत | ५,००,०००.०० | |
| ६० | सिरभिकबाट बातासे डाँडा हुँदै खरमेरीडाँडा हात्तिसार दार्मेथुम्का सडक निर्माण | ५,००,०००.०० | |
| ६१ | मोहरिया नेवार गाउँ जाने सडक | ५,००,०००.०० | |
| ६२ | सेपाखोला खा.पा. योजना | ५,००,०००.०० | |
| ६३ | लोहकिन लङ्कु सडक | ५,००,०००.०० | |
| ६४ | बोफ्लु खेलकुद मैदान | ५,००,०००.०० | |
| ६५ | छाबुला-वारेम्तुङ सडक मर्मत | ४,५०,०००.०० | |
| ६६ | जेष्ठ नागरिक यातायात सुविधा | ४,००,०००.०० | |
| ६७ | जनता प्रा.वि. भवन निर्माण | ४,००,०००.०० | |

## आ.व. २०७८/०७९ गौरवका तथा अन्य योजनाहरू

| क्र.सं. | योजनाको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| ६८ | खरुवा विच कुलो पायप खरिद तथा मर्मत | ४,००,०००.०० | |
| ६९ | एकछागे कुलो मर्मत | ४,००,०००.०० | |
| ७० | सुवारो खलखम्बा बरडाँडा जाने सडक निर्माण | ४,००,०००.०० | |
| ७१ | दिनुवा-वोल्पा-पिचाकु सडक मर्मत | ४,००,०००.०० | |
| ७२ | मार्से देखि छोरम्बु सडक | ४,००,०००.०० | |
| ७३ | नागथान मुलपानी खानेपानी योजना | ४,००,०००.०० | |
| ७४ | रोसा भञ्याङ प्रा.वि. पंचमी बजार | ३,५०,०००.०० | |
| ७५ | नारायण प्रसाद श्रेष्ठ स्मृति कोष | ३,००,०००.०० | |
| ७६ | पुवर कुलपुजा मिन्दिर निर्माण | ३,००,०००.०० | |
| ७७ | दाहाल प्रतिष्ठान कुलपुजा मन्दिर निर्माण | ३,००,०००.०० | |
| ७८ | राजन घरदेखि र्याप जोड्ले सडक | ३,००,०००.०० | |
| ७९ | मास्खोरी खोलादेखि सिम्लेखेत सिंचाई | ३,००,०००.०० | |
| ८० | १ न वडा वाट २ न वडा जोड्ने सडक निर्माण | ३,००,०००.०० | |
| ८१ | बरबोटे देखि बाझगरा सडक | ३,००,०००.०० | |
| ८२ | कालिखोला ढिकुरे खा.पा. | ३,००,०००.०० | |
| ८३ | कालिखोला रिभू सिंचाई | ३,००,०००.०० | |
| ८४ | अस्थायी कोभिड अस्पताल देखि महेन्द्रोदय मा.वि. सम्म सडक सोलिङ | ३,००,०००.०० | |
| ८५ | साना जुत्ता तथा चप्पल उद्योग, लिलिमा | ३,००,०००.०० | |
| ८६ | परिवर्तनशिल आमा समूह भवन | ३,००,०००.०० | |
| ८७ | नवजागरण आमा समूह भवन निर्माण | २,५०,०००.०० | |
| ८८ | भैसीकाटे ढुङ्गाबाट खमारे सम्म सडक स्तरोन्नति | २,५०,०००.०० | |
| ८९ | खामडाँडा आमा समूह भवन निर्माण | २,५०,०००.०० | |
| ९० | श्री म.मा.वि ओखेमा वाल तथा कम्पाउण्ड घेरावारा | २,५०,०००.०० | |
| ९१ | आर्यघाट जानेबाटो खमारेमा पाटी निर्माण | २,५०,०००.०० | |
| ९२ | सेपाखोला खा.पा. निर्माण योजना | २,५०,०००.०० | |
| ९३ | उज्वल ज्योति आमा समुह भवन निर्माण साविक ८ बुईखुवा | २,५०,०००.०० | |
| ९४ | बुल्कुखोला मुहान भइ कोलडाँडा हुँदै पुछाघर सम्म आउने कुलो | २,५०,०००.०० | |
| ९५ | रातापानी सिंचाई पोखरी निर्माण | २,५०,०००.०० | |
| ९६ | निजामाति सेवा दिवस कार्यक्रम | २,००,०००.०० | |
| ९७ | देउराली राई टोल(रमा राई) को घर हुँदै ईश्वर विष्टको घर सम्म सडक निर्माण | २,००,०००.०० | |
| ९८ | भुलभुले खा.पा.यो(क्रमागत) | २,००,०००.०० | |
| ९९ | दमाहा ढुङ्गा खानेपानी निरन्तरता | २,००,०००.०० | |
| १०० | झुसेवारीबाट भालुखोला सम्म सडक निर्माण | २,००,०००.०० | |
| १०१ | कटहरे खेट सिंचाई पाईप योजना | २,००,०००.०० | |
| १०२ | साक्षरता प्रा.वि. भवन मर्मत | २,००,०००.०० | |
| १०३ | वासमाला कोप्चे खा.पा. योजना | २,००,०००.०० | |
| १०४ | आरूबोटे खा.पा. योजना | २,००,०००.०० | |

## आ.व. २०७८/०७९ गौरवका तथा अन्य योजनाहरू

| क्र.सं. | योजनाको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| १०५ | लालिगुँरास आमा समुह भवन निर्माण साविक वडा न २ | २,००,०००.०० | |
| १०६ | पाटावारि जाने सडक निर्माण | २,००,०००.०० | |
| १०७ | मतिचौर गुम्बा व्यवस्थापन(तामाङ गुम्बा) | २,००,०००.०० | |
| १०८ | हरियाली कृषक भवन निर्माण | २,००,०००.०० | |
| १०९ | डाकोला देखि नौला जोड्ने सडक निर्माण | २,००,०००.०० | |
| ११० | पाहारपानी मार्से सडक निर्माण | २,००,०००.०० | |
| १११ | थर्पु सडक निर्माण | २,००,०००.०० | |
| ११२ | वालाचौर खानेपानी योजना | २,००,०००.०० | |
| ११३ | भक्त चोक मझौ सडक | २,००,०००.०० | |
| ११४ | तृतीय खदुर्के खरुवाखोला जोड्ने सडक | २,००,०००.०० | |
| ११५ | भैस्याङ धाप खानेपानी मर्मत | २,००,०००.०० | |
| ११६ | टुवाखोला विमिरे आहाले सिंचाई योजना | २,००,०००.०० | |
| ११७ | याङसोलाटार पिपलबोट पार्टि निर्माण | २,००,०००.०० | |
| ११८ | डाँडाखर्क खानेपानी धर्तुङ माहान सिंचाई | २,००,०००.०० | |
| ११९ | प्रहरी चौकी छितापोखरी तार घेराबारा | २,००,०००.०० | |
| १२० | श्री तारिका देवी मन्दिर निर्माण | २,००,०००.०० | |
| १२१ | कटहर फेद देखि आरुबोटे बाटो निर्माण | २,००,०००.०० | |
| १२२ | तृतीया नाराङ्गा सडक | २,००,०००.०० | |
| १२३ | पुवार गाउँ खा.पा. योजना | २,००,०००.०० | |
| १२४ | नालिटार खानेपानी योजना | २,००,०००.०० | |
| १२५ | शिव मन्दिर साविक ४ (क्रमागत) | १,५०,०००.०० | |
| १२६ | नवौं एकिकृत छाता संगठनको भवनमा शौचालय | १,५०,०००.०० | |
| १२७ | जामुने खड्का कुलपुजा मन्दिर निर्माण | १,५०,०००.०० | |
| १२८ | बोफ्लू पार्टि भञ्याङ सडक मर्मत | १,५०,०००.०० | |
| १२९ | लासिङ्टार लङ्कू सडक मर्मत | १,५०,०००.०० | |
| १३० | गोगन गैह्रा भालुखोला सडक निर्माण | १,५०,०००.०० | |
| १३१ | गैरीबारी सिरवानी पहारिले हुँदै चाँपटार सडक निर्माण | १,५०,०००.०० | |
| १३२ | गैरीबारी खानेपानी योजना | १,५०,०००.०० | |
| १३३ | सल्लेनी पाखा सामुदायिक वन भवन सम्म जाने सडक निर्माण | १,५०,०००.०० | |
| १३४ | ओखे सिक्ला लहरे पैयूँ सडक मर्मत | १,५०,०००.०० | |
| १३५ | पौडेल कुलपुजा मन्दिर साविक वडा न ४ | १,५०,०००.०० | |
| १३६ | खसडि वस्नेत कृयाघर पाटि निर्माण | १,५०,०००.०० | |
| १३७ | काहुले तिनकन्या कालिका देवि मन्दिर निर्माण याङसोला | १,५०,०००.०० | |
| १३८ | मुलाबारी साकेलाथान व्यवस्थापन | १,५०,०००.०० | |
| १३९ | तिल्केनी पाईप सिंचाई मान्दाता | १,५०,०००.०० | |
| १४० | जंगदेव प्रा.वि. मान्दाता वाल निर्माण | १,५०,०००.०० | |

## आ.व. २०७८/०७९ गौरवका तथा अन्य योजनाहरू

| क्र.सं. | योजनाको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| १४१ | कोखे कुलो मर्मत वातिखुम | १,५०,०००.०० | |
| १४२ | ठुलो खोला खिराबोटे लेतिम | १,५०,०००.०० | |
| १४३ | भुजेल भवन निर्माण अखटे | १,५०,०००.०० | |
| १४४ | गोगने आर.सि.सि कुलो मर्मत | १,५०,०००.०० | |
| १४५ | च्यानडाँडा चोतारा पाटि | १,५०,०००.०० | |
| १४६ | पन्चकन्य देविथान व्यवस्थापन सेम्मा | १,५०,०००.०० | |
| १४७ | टुवा खोला पुल धुसेनि | १,५०,०००.०० | |
| १४८ | खिरौले वाट गोगने जाने सडक मर्मत | १,५०,०००.०० | |
| १४९ | साविक याम्खा २ को पँधेरे खा.पा. ट्याङ्की निर्माण | १,००,०००.०० | |
| १५० | रामेश्वर मन्दिर स्तरोन्नति | १,००,०००.०० | |
| १५१ | थापा धारा खा.पा. मर्मत | १,००,०००.०० | |
| १५२ | अस्पताल गेट अगाडी भित्तामा वाल निर्माण | १,००,०००.०० | |
| १५३ | लिलिमा तल्लो टोल नयाँ सडक निर्माण | १,००,०००.०० | |
| १५४ | पञ्चकन्या देवीथान निर्माण सिढि सहित | १,००,०००.०० | |
| १५५ | बनपाला खा.पा. पाइप खरिद | १,००,०००.०० | |
| १५६ | क्यादुरी खानेपानी मर्मत | १,००,०००.०० | |
| १५७ | डिल्ली वि.क.को घरबाट बयाम्मा सम्म सिंचाई कुलो मर्मत | १,००,०००.०० | |
| १५८ | महेन्द्रोदय आ.वि. लिलिमा चेनगेट् | १,००,०००.०० | |
| १५९ | दुरपति टर्निङबाट पञ्चकन्या सम्म घोडेटो बाटो निर्माण | १,००,०००.०० | |
| १६० | खेलकुद तथा कला संस्कृति कार्यक्रम | १,००,०००.०० | |
| १६१ | दलितको भवनमा शोचालय निर्माण | १,००,०००.०० | |
| १६२ | नाली भिमसेन थान मन्दिर निर्माण | १,००,०००.०० | |
| १६३ | काभ्रादेवी मन्दिर घेरावारा ओखे | १,००,०००.०० | |
| १६४ | जनसमुह आ.वि.को भवन मर्मत तथा पाईप खरिद | १,००,०००.०० | |
| १६५ | सिक्रे भगवती मन्दिर मर्मत तथा खा.पा. मर्मत | १,००,०००.०० | |
| १६६ | पवित्र आ.वि. कम्पाउन्ड घेराबारा तथा युबा खेल मैदान निर्माण | १,००,०००.०० | |
| १६७ | सिद्धेटार खानेपानी योजना | १,००,०००.०० | |
| १६८ | याङसोला खेल मैदान साविक वडा न ४र ५ | १,००,०००.०० | |
| १६९ | खानिगाउ खा पा मर्मत साविक वडा न ५ | १,००,०००.०० | |
| १७० | भालु खोला मुहान भई आउने बुल्कु कुलो मर्मत | १,००,०००.०० | |
| १७१ | आहाले मुलवाटो मलामि खाजाघर | १,००,०००.०० | |
| १७२ | परिवर्तनशिल आमा समुह साविक वडा न ९ फर्निचर खरिद | १,००,०००.०० | |
| १७३ | चम्फिधारा खानेपानी मर्मत | १,००,०००.०० | |
| १७४ | रोभोथान मन्दिर | १,००,०००.०० | |
| १७५ | पिप्ले भन्ज्याङदेखि तेर्सो टोल जाने घोरेटोवाटो मर्मत | १,००,०००.०० | |
| १७६ | खसडी कुल मन्दिर सिमेन्ट प्लास्टर साविक वडा न १ | १,००,०००.०० | |

# आ.व. २०७८/०७९ गौरवका तथा अन्य योजनाहरू

| क्र.सं. | योजनाको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| १७७ | पिपलकुवा मर्मत | १,००,०००.०० | |
| १७८ | भालुखोला डुडे कुलो मर्मत | १,००,०००.०० | |
| १७९ | सानो भण्डारे ट्याङ्की निर्माण | १,००,०००.०० | |
| १८० | पञ्चकौशिका विद्यालय खेल मैदान निर्माण | १,००,०००.०० | |
| १८१ | पञ्चन्यादेवी वातिखुम | १,००,०००.०० | |
| १८२ | काफ्लेछाप टाहारी हुँदै जम्भोटे सिंचाई योजना | १,००,०००.०० | |
| १८३ | १ वडा काठे पुल | १,००,०००.०० | |
| १८४ | धिप्लुङ खोला काठे पुल | १,००,०००.०० | |
| १८५ | पानिटार काठेपुल | १,००,०००.०० | |
| १८६ | अखटे सडक निर्माण | १,००,०००.०० | |
| १८७ | श्री अदर्श शिक्षा सदन तारजाली | १,००,०००.०० | |
| १८८ | गैरीखेत तीनकन्या देवी मन्दिर निर्माण | १,००,०००.०० | |
| १८९ | सितलादेवी मन्दिर निर्माण | १,००,०००.०० | |
| १९० | रिभु जाल्पादेवी मन्दिर निर्माण | १,००,०००.०० | |
| १९१ | खरूवाखोला ज्यामिरे बोटे सिंचाई योजना | १,००,०००.०० | |
| १९२ | सेतिदेवी खानेपानी योजना | ५०,०००.०० | |
| १९३ | तिनकन्या देविथान निर्माण खमारे | ५०,०००.०० | |
| १९४ | स्वास्थ्य चौकी ओखेको रङरोगन तथा शौचालय मर्मत | ५०,०००.०० | |
| १९५ | स्वास्थ्य चौकी छोरम्बु | ५०,०००.०० | |
| १९६ | नेपाल राष्ट्रिय दलित परिवर्तन समाज सल्याण संघ फर्निचर खरिद | ५०,०००.०० | |
| १९७ | सापातेल दार्मे भन्ज्याङ देखि दिक्तेल जाने घोरेटो वाटो मर्मत साविक वडा न ७ खण्ड | ५०,०००.०० | |
| १९८ | जालपादेवि मन्दिर मर्मत | ५०,०००.०० | |
| १९९ | साकेला देविथान मन्दिर मर्मत साविक १ | ५०,०००.०० | |
| २०० | नासिकुडाँडा ट्याङ्की मर्मत | ५०,०००.०० | |
| २०१ | फेदीपाटा देखि स्वास्थ्यकाम आले खा.पा. | ५०,०००.०० | |
| २०२ | दलित हातहतियार मिसिन | ५०,०००.०० | |
| २०३ | रिक्सुम गुम्वा व्यवस्थापन | ५०,०००.०० | |